संघीय संसद

राष्ट्रिय सभा

तेह्रौं अधिवेशन

बैठक-१०

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १२:३१ बजे*

*बैठक स्थगित : १:२५ बजे*

२०७९ फागुन १५ गते, सोमबार

---

संघीय संसद, राष्ट्रिय सभाको **तेह्रौं अधिवेशनको दशौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न १२:३१ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले **माननीय परराष्ट्र मन्त्री डा. विमला राई पौड्याललाई समसामयिक** विषयमा बोल्नका लागि समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १९२ बमोजिम माननीय परराष्ट्र मन्त्री डा. विमला राई पौडयालले दिनुभएको वक्तव्यका सम्बन्धमा माननीय सदस्यहरूलाई प्रश्न सोध्नका लागि समय उपलब्ध गराउनुभएपछि देहायका माननीय सदस्यहरूले प्रश्न सोध्नुभयो :

| | |
|---|---|
| १. मा. भुवन बहादुर सुनार | २. मा. खिमलाल देवकोटा |
| ३. मा. अनिता देवकोटा | ४. मा. कमला पन्त |

त्यसलगतै सम्माननीय अध्यक्षले माननीय परराष्ट्र मन्त्री डा. विमला राई पौड्याललाई माननीय सदस्यहरूले उठाउनुभएका जिज्ञासाका सम्बन्धमा प्रष्ट पार्नका लागि समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट **मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको** सम्बन्धी प्राप्त देहाय बमोजिम पत्रको ब्यहोरा जानकारी गराउनुभयो ।

माननीय रक्षा मन्त्री हरिप्रसाद उप्रेती मित्रराष्ट्र भारतको बेङ्गलोर, कर्नाटकमा सञ्चालन हुने "Fourteenth edition of Aero India 2023" र "Speed defence ministers conclave 2023" मा सहभागी हुन मिति २०७९ माघ २९ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको रक्षा मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट **माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरीले सम्हाल्ने गरी तोक्नुभएको** बेहोरा अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री पदम गिरी स्विट्जरल्याण्डको मोन्ट्रिक्समा हुने "Fifth global ministerial summit on patient safety" विषयक सम्मेलनमा सहभागी हुन मिति २०७९ फागुन १० त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यभार माननीय प्रधानमन्त्रीज्यूबाट **माननीय परराष्ट्र मन्त्री डा. विमला राई पौड्यालले** सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

(शंकरदास बैरागी)

मुख्य सचिव

त्यसपछि सम्माननीय अध्यक्षले यस सभाका माननीय सदस्य कुमार दसौदीलाई राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिमा मनोनयन गराउनुहुदाँ माननीय सदस्यहरूले उक्त प्रस्तावित नामलाई सभाको सहमति जनाउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका माननीय सभापति डा. बेदुराम भुसाललाई **"विधायन व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन ०७८/७९"** सभासमक्ष पेस गर्न समय उपलब्ध गराउनुभएपछि माननीय सभापतिले उक्त प्रतिवेदन सभा समक्ष पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले राष्ट्रिय सरोकार तथा समन्वय समितिका माननीय सभापति दिल कुमारी रावल थापा "पार्वती" लाई **"राष्ट्रिय सरोकार तथा समन्वय समितिको आर्थिक वर्ष २०७५/०७६, ०७६/०७७ र ०७७/०७८ को वार्षिक प्रतिवेदन कार्यान्वयनको अनुगमन एवम् मूल्याङ्कन प्रतिवेदन, २०७९"** सभासमक्ष पेस गर्न समय उपलब्ध गराउनुभएपछि माननीय सभापतिले उक्त प्रतिवेदन सभा समक्ष पेश गर्नुभयो ।

तदनन्तर सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल फागुन २९ गते सोमबार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नु भयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव